आज मिति २०६८ मंसिर १९ गते शुक्रवारका दिन यस चौरजहारी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूको प्रधानाध्यापकहरूको मासिक बैठकमा तपसिल बमोजिमको उपस्थितीमा निम्न बमोजिमका निर्णयहरू पारित गरियो।

उपस्थिति

विशेष उपस्थिति श्री बिशाल शर्मा - नगरप्रमुख

१. श्री रामबहादुर के.सी. - प्रमुख प्रशासकीय अधिकृत
२. श्री टिकासंग ओली - प्राविधिक सहायक
३. श्री भीम बहादुर ओली - प्र.अ. हिमालय मावि खोलागाउँ।
४ सुगन्धा चन्द (मल्ल) - प्र.अ. आ.वि. भुवाटाकुरा रुकुम (पश्चिम)
५ रुद्र प्रसाद गिरी ,, ,, धर्तिखोर्ड
६ मुक्ति प्रसाद शर्मा ,, गाडिदेउराली आ.वि. लैकनाजी
७ अमृत कुमार बोहरा ,, कालिका आ.वि. गोइटी
८ चन्द्रा राना (डाँडी) ,, श्री बालकल्याण बा.वि. केन्द्र पेल्के
९ इन्द्र प्र. के.सी. , श्री बालहित आ.वि. नाउली
१० लल बहादुर के.सी. ,, श्री ऐश्वर्य आ.वि. बिसउखोर
११- लाल बहादुर बर्ती ,, श्री कालिका आ.वि. नयाँटा
१२, नवराज न्यौपाने ,, श्री ज्ञानकुञ्ज आ.वि. कालापानी
१३ नरेश कुमार सुनार श्री उ.आ.वि. मनकोट
१४ भूमि कुमारी चन्द श्री मालिका आ.वि. अमलाटाकुरा।
१५ धनमाया खड्का श्री जनकल्याण आ.वि. लामाडाँडा
१६. दिपक देवकोटा श्री ज्ञानआस्था आ.वि. पुरानापानी
१७. रिम बहादुर बुढा ,, श्री जनज्योति आ.वि. मूलपानीखर्यार्ल
१८. उमाकान्त शर्मा श्री जनता आ.वि. सिमचौर
१९ - रिप बहादुर घर्ती श्री ज्ञानज्योति आ.वि. मालेसर्केना
२० - दिपक शर्मा श्री जनकल्याण आ.वि. १२ रातामाटा।
२१ दीप बहादुर के.सी. श्री जनज्योति आ.वि. स्यालबोला
२२ कृष्ण ब. ओली श्री आ.वि. जुमलीपोखरी
२३ डण्डबिर ओली श्री आ.वि. मालाकोट चौ.न.पा. १० रुकुम (पश्चिम)
२४ सूर्य बहादुर चन्द श्री आ.वि. तार्सी चौ.न.पा. ६ ,, ,,
२५ हिमसिं नेपाली श्री विजयश्वरी आ.वि. चौरजहारी, रुकुम
२६ नरलाल केन्जी श्री आ.वि. लहरेपीपल चौ.न.पा. ५ रुकुम पश्चिम

२९) श्री मुपालाल शर्मा श्री जनकल्याण मा० वि० सानाखोला चौं.न.पा.-१२ रुकुम

३० दिलाराम शर्मा श्री सरस्वती मा०वि० घरेलीचौर, चौंनपा-१३

३१ लुलित बहादुर चन्द श्री जनता आ०वि० सिमुरवरीया चौं०न०पा०१४ रुकुम

३२ रमेश कुमार मल्ल श्री मा.वि. कोटजहारी चौं.न.पा.८

३३ बलजीत वली श्री जनकल्याण मा.वि. ओगलिटा चौ.न.पा.११ रुकुम

३४ शिवलाल वली श्री बालकल्याण आ०वि० मुलडाँडा चौं.न.पा.११ रुकुम पश्चिम

३५ गणेशकुमार बिष्ट श्री जनचेतना आ०वि० तिमिलेपोखरी चौं.न.पा.४ रुकुम

३६ दिल बहादुर ओली श्री बालज्योति आ०वि० नारुला चौं.न.पा.१३ रुकुम पश्चिम

३७ परशुराम लामिछाने श्री जनप्रिय आ.वि. लामिछानेगाउँ चौ.न.पा.१ रुकुम (पश्चिम)

३८ रुद्र लाल जैसी — श्री आ०वि० [illegible] " " "

३९ यदु राना — श्री शीतल मा.वि. चौरजहारी न.पा.२ रुकुम पश्चिम

# मिति २०७७/०८/१२ गतेको प्रधानाध्यापक बैठकका प्रस्ताव तथा निर्णयहरु

**(क) प्रस्तावहरु**

१. आ.व. २०७७।०७८ को पहिलो चौमासिकमा सम्पादित कार्यहरुको समिक्षा गर्ने सम्बन्धमा ।

२. मिति २०७७।०७।१६ देखि मिति २०७७।०७।२३ गतेसम्म गरिएको विद्यालय अनुगमन र सोहि अनुगमनको आधारमा तयार पारिएको चौरजहारी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको विद्यमान अवस्था अध्ययन प्रतिवेदन, २०७७ माथि छलफल तथा सुझाव कार्यान्वयन सम्बन्धमा ।

३. विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ सम्बन्धमा ।

४.विद्यालयहरुको सामाजिक लेखापरीक्षण एवम् अन्तिम लेखापरीक्षण सम्बन्धमा ।

५.विविध

**(ख) निर्णयहरु**

१. सामुदायिक विद्यालयहरुले आर्थिक वर्ष २०७७।०७८ को पहिलो चौमासिकमा सम्पादित कार्यहरुको समिक्षा गरियो । कार्य सम्पादनको क्रममा देखिएका समस्याहरुको समाधान गर्दै दोस्रो चौमासिकमा थप व्यवस्थित र त्रुटिरहित ढङ्गले कार्यसम्पादन गर्ने प्रतिवद्धता जाहेर गरियो ।

२. मिति २०७७।०७।१६ गतेदेखि मिति २०७७।७।२३ गतेसम्म चौरजहारी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गरिएको विद्यालय अनुगमन र सोहि अनुगमनको आधारमा तयार पारिएको चौरजहारी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको विद्यमान अवस्था अध्ययन प्रतिवेदन, २०७७ माथि छलफल गरियो । अनुगमन प्रतिवेदनमा औल्याईएका सम्पूर्ण पक्षहरुको गम्भिर समिक्षा गर्दै सुझावहरुको पूर्ण रुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता जनाईयो । मिति २०७७।०५।२६ गतेदेखि मिति २०७७।०७।१६ गतेसम्मको कार्य सम्पादन करार सम्झौताको आधारमा तोकिएको सूचक र अङ्कभारबाट सबैभन्दा धेरै अङ्क (७१ %) प्राप्त गर्ने श्री आधारभुत विद्यालय लहरेसिमलका प्रधानाध्यापक श्री नन्दलाल के.सी.लाई जनही रु. ५,०००।- पुरुस्कार र सम्मानपत्र एवम् दोस्रो धेरै अङ्क (६६%) प्राप्त गर्ने श्री माध्यमिक विद्यालय खहरेका प्रधानाध्यापक श्री मोतिलाल परियारलाई जनही रु. २,५००।- पुरुस्कार र सम्मानपत्र प्रदान गर्ने निर्णय गरियो ।

३. विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ माथि छलफल गरियो । नगर शिक्षा समितिको मिति २०७७।०६।०२ गतेको निर्णयानुसार चौरजहारी नगरपालिकामा सिकाई सहजिकरण केन्द्रको रुपमा विद्यालयहरुलाई तोकि नियमित सिफ्ट अनुसार विद्यालयहरुमा पठनपाठन भईरहेको, मिति २०७७।०७।०५ गतेको नगर कार्यपालिकाको बैठकबाट नमूना सिकाई सहजिकरण कार्ययोजना पारित भई सो समेत विद्यालयहरुले कार्यान्वयन गरिरहेको वर्तमान सन्दर्भमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ जारी भएको छ । नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुले हालसालै जारी कार्यढाँचा अनुसार नै पठनपाठन

सञ्चालन गरिरहेको वर्तमान सन्दर्भमा विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ को कार्यान्वयनको लागि देहाय बमोमिज गर्ने :-

(क) नगरपालिकामा तत्काल कोरोना संक्रमणको जोखिम नरहेको अवस्थामा प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्म नियमित रुपमा विहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म पठनपाठन गर्ने व्यवस्था मिलाउने ।

(ख) आधारभुत तहको कक्षा ६-८ र माध्यमिक तहको हकमा सम्बन्धित विद्यालयले नै जोखिम विश्लेषण गरी नियमित विहान १०:०० बजेदेखि अपरान्ह ४:०० बजेसम्म वा नगर कार्यपालिकाबाट मिति २०७७।०७।०५ गते स्वीकृत कार्ययोजना अनुसार सिफ्टमा वा आलोपालो प्रणालीबाट पठनपाठन गर्ने व्यवस्था मिलाउने । सोको जानकारी नगरपालिकामा पठाउने ।

(ग) सम्बन्धित विद्यालयले विद्यार्थीहरुलाई अनिवार्य मास्कको साथै साबुन पानीले हातधुने व्यवस्था मिलाई कडाईपूर्वक कार्यान्वयन गर्ने र सरसफाईमा विशेष ध्यान दिने ।

(घ) अब उप्रान्त शनिबार कक्षा सञ्चालन नगर्ने ।

तर शनिबार बाहेकको सार्वजनिक विदाको दिनमा भने विद्यालय सञ्चालन गर्ने ।

(ङ) विद्यार्थीहरुको मासिक, त्रैमासिक, अर्धवार्षिक परीक्षा सम्बन्धित विद्यालयले नै लिने । कक्षा ५ र कक्षा ८ को वार्षिक परीक्षा एवम् कक्षा १० को पूर्व तयारी परीक्षामात्र नगरपालिकाले लिने व्यवस्था मिलाउने । वार्षिक परीक्षाको सबै कक्षाको प्रश्नपत्र नगरपालिकाले तयार पार्ने ।

४. हालसम्म पनि सामाजिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण नगरेका विद्यालयहरुले यहि २०७७ मंसिर मसान्तभित्र उल्लेखित कार्य गरी नगरपालिकामा प्रतिवेदन पेश गर्ने । तोकिएको अवधीभित्र सामाजिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण नगर्ने विद्यालयहरुको अनुदान र तलब निकासा रोक्का राख्ने ।

५. बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।